जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८३ पृष्ठः ४ | २०८३ साउन ०४ सोमबार (Monday 20 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## आर्थिक गतिविधि विस्तारमार्फत जिडिपी बढाउने मधेसको योजना

**राजु विश्वकर्मा**

जनकपुरधाम, ३ साउन। कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरुप कार्यारम्भ गरेको छ। प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो।




मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताउनुभयो। "प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौँ," उहाँले भन्नुभयो, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन। उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन। त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौँ।"

कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उहाँले बताउनुभयो।

मधेस प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताउनुभयो। उहाँले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औँल्याउनुभयो। राष्ट्रिय जिडिपीमा मधेस प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारविना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताउनुभयो।

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेस प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु आठ खर्ब चार अर्ब रहने अनुमान छ। सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेस प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

प्रतिवेदनअनुसार मधेस प्रदेशको

**-बाँकी अन्तिम पेजमा**

## आँखा अस्पतालमा बिरामी बढे



जनकपुरधाम, ३ साउन। तापक्रम वृद्धिभएसँगै यहाँस्थित जानकी आँखा अस्पतालमा बिरामीको सङ्ख्या बढेको छ। हाल दैनिक ४०० देखि ५०० जना बिरामी आउने गरेका छन्। यसअघि दैनिक सरदर ३०० जना सेवाग्राही आउने गरेका थिए। अस्पतालका निर्देशक डा. आशीष बोहराका अनुसार उपचारका निम्ति आउनेमा बालबालिका र वृद्धवृद्धा बढी छन्। सिरहा, महोत्तरी र सिन्धुलीलगायत जिल्लाका बिरामी अस्पताल आउने गरेका छन्। भारतको विहार राज्यबाट पनि बिरामी आउने गरेका छन्।

## लहानमा रासायनिक मलको पर्याप्त मौज्दात, थप आपूर्ति पनि हुँदै

लहान, ३ साउन। लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेडले मलको पर्याप्त मौज्दात रहेको स्पष्ट गर्दै थप आपूर्ति पनि हुने बताएको छ। आर्थिक वर्षमा १६ हजार ८४० दशमलव ३७५ मेट्रिक टन रासायनिक मल बिक्री गरेको जनाउँदै कम्पनीले हाल ५५ दशमलव ६०० मेट्रिक टन युरिया, २१९ दशमलव ६५० मेट्रिक टन डीएपी, ८६ दशमलव ६५० मेट्रिक टन पोटास र ७८ दशमलव ७७५ मेट्रिक टन कृषि चुन मौज्दात रहेको बताएको छ। कार्यालय प्रमुख चेवन खड्काका अनुसार



मलको नियमित आपूर्तिलाई व्यवस्थित बनाइएको छ। कृषि उत्पादन वृद्धि गर्न किसानलाई समयमै मल र अन्य कृषि सामग्रीको अभाव नहुने उहाँले राससलाई बताउनुभयो।




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

- ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
- गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
- शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
- शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
- नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
- गुरु-शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
- ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
- शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## विकासको प्रतीक्षामा लहान

लहान नगरपालिका–४ मा सडक, नाला निर्माण र नियमित सरसफाइको माग गर्दै स्थानीयवासीले लगातार चार दिनदेखि मुख्य सडक अवरुद्ध गरेका छन्। पूर्व–पश्चिम राजमार्गसँग जोडिएको गोधुली होटलदेखि वडा नं. ६ को सीमास्थित रामजानकी मन्दिरसम्मको सडक बन्द हुँदा स्थानीय मात्र होइन, दैनिक सयौँ यात्रु र सवारीसाधन पनि प्रभावित भएका छन्। विकासको माग राख्दै सडक अवरुद्ध गर्नुपर्ने अवस्था आफैंमा स्थानीय सरकारको कार्यसम्पादनमाथि गम्भीर प्रश्न हो।

स्थानीयका अनुसार उक्त सडकमा कालोपत्रे, व्यवस्थित नाला र नियमित सरसफाइको माग पटक–पटक उठाइए पनि नगरपालिकाले कुनै प्रभावकारी पहल नगरेको आरोप छ। वर्षायाममा सडक हिलाम्मे हुने, पानी जम्ने र नाला नबन्दा आवतजावत निकै कठिन बनेको उनीहरूको गुनासो छ। यही असन्तुष्टिका कारण स्थानीयले ७२ घण्टाभन्दा बढी समयदेखि बाँसको बार र टाटी राखेर सडक अवरुद्ध गरेका थिए। आन्दोलनपछि मात्रै प्रतिनिधिसभा सदस्य बब्लु गुप्ताको पहलमा जेसीबी परिचालन गरी सडकमा जमेको पानी निकास गर्ने र ग्राभेल हाल्ने काम सुरु गरिएको छ। तर स्थानीयले यो कामलाई स्थायी समाधान नभई तत्कालीन राहत मात्र भएको बताएका छन्।

यो विवादले पाँच वर्षअघि सम्पन्न भएको सडक तथा नाला निर्माणको ठेक्का प्रक्रियालाई फेरि चर्चामा ल्याएको छ। वडा अध्यक्ष रामनाथ पण्डितका अनुसार करिब दुई करोड ५० लाख रुपैयाँको लागतमा सडक र नाला निर्माणका लागि ठेक्का प्रक्रिया सम्पन्न भए पनि अन्तिम समयमा ठेकेदारले काम नगरेपछि योजना अलपत्र परेको हो। यति ठूलो सार्वजनिक योजना वर्षौंसम्म कार्यान्वयन नहुनु केवल निर्माण व्यवसायीको कमजोरी मात्र होइन, सम्बन्धित निकायको अनुगमन, कानुनी कारबाही र जिम्मेवारी वहनमा पनि गम्भीर त्रुटि देखिन्छ।

स्थानीयवासीले अहिले केवल ग्राभेल हालेर सडक खुलाउने पक्षमा छैनन्। उनीहरूको माग स्पष्ट छ, जमेको पानी तत्काल हटाइनुपर्छ, खाल्डाखुल्डीमा ग्राभेल हालिनुपर्छ, नालाको सरसफाइ नियमित हुनुपर्छ र नालासहितको कालोपत्रे सडक निर्माणको ठोस सुनिश्चितता दिनुपर्छ। वडा सदस्य हरिदेव मण्डल स्वयं आन्दोलनको नेतृत्वमा उत्रिनु स्थानीय जनप्रतिनिधिसमेत वर्तमान अवस्थाप्रति असन्तुष्ट रहेको संकेत हो। यसले समस्या केवल नागरिक र नगरपालिकाबीचको नभई स्थानीय सरकारभित्रकै समन्वय अभावको परिणाम भएको देखाउँछ।

नगरप्रमुख महेशप्रसाद चौधरीले पुरानो ठेक्का रद्द गरी नयाँ ठेक्का प्रक्रियाबाट निर्माण अघि बढाउने तयारी भइरहेको बताएका छन्। ठेकेदारले समयमै काम सम्पन्न नगर्दा जनप्रतिनिधिले विरोध खेप्नुपरेको उनको भनाइ यथार्थ भए पनि त्यसले नगरपालिकाको जिम्मेवारी कम गर्दैन। सार्वजनिक निर्माणमा ठेकेदारले काम नगरेमा सम्झौता कार्यान्वयन गराउने, आवश्यक कानुनी प्रक्रिया अघि बढाउने र वैकल्पिक व्यवस्था मिलाउने दायित्व सम्बन्धित निकायकै हो। पाँच वर्षसम्म समस्या समाधान हुन नसक्नु प्रशासनिक कमजोरीको स्पष्ट उदाहरण हो।

लहान जस्तो व्यस्त नगरको मुख्य सडक वर्षौंदेखि जीर्ण रहनु विकास योजनाको प्रभावकारितामाथि प्रश्न उठाउने विषय हो। सडक केवल यातायातको माध्यम मात्र होइन, स्थानीय व्यापार, शिक्षा, स्वास्थ्य सेवा र दैनिक जनजीवनसँग प्रत्यक्ष जोडिएको पूर्वाधार हो। सडक बिग्रँदा दुर्घटनाको जोखिम बढ्छ, व्यवसाय प्रभावित हुन्छ, स्वास्थ्यमा असर पर्छ र नागरिकले राज्यप्रति विश्वास गुमाउन थाल्छन्। त्यसैले यस्ता समस्यालाई सामान्य पूर्वाधारको विषय भनेर टार्न मिल्दैन। यस घटनाले सार्वजनिक निर्माणमा जवाफदेहिता र पारदर्शिताको आवश्यकता अझ स्पष्ट बनाएको छ। निर्माण व्यवसायीले सम्झौता अनुसार काम नगरेमा कडा कारबाही हुनुपर्छ। त्यससँगै योजनाको प्रगति नियमित रूपमा सार्वजनिक गर्ने, अनुगमन प्रभावकारी बनाउने र स्थानीय समुदायलाई निर्णय प्रक्रियामा सहभागी गराउने अभ्यास पनि आवश्यक छ। अन्यथा एउटै योजना वर्षौंसम्म अलपत्र रहने र नागरिकले बारम्बार आन्दोलन गर्नुपर्ने अवस्था दोहोरिरहनेछ।

लहान–४ को आन्दोलन तत्काल समाधानको अपेक्षाभन्दा पनि दीर्घकालीन विकासको माग हो। स्थानीयले सडक बन्द गर्नु उनीहरूको पहिलो रोजाइ होइन, पटक–पटकको बेवास्तापछि अपनाएको अन्तिम विकल्प हो। अब नगरपालिकाले केवल ग्राभेल हालेर आन्दोलन साम्य पार्ने होइन, निर्माणको स्पष्ट कार्यतालिका, बजेट, ठेक्का प्रक्रिया र समयसीमा सार्वजनिक गरी विश्वास पुनःस्थापित गर्नुपर्छ। विकासका योजना कागजमा होइन, नागरिकको दैनिक जीवनमा देखिनुपर्छ। लहानको यो घटना सम्पूर्ण स्थानीय तहका लागि पनि समयमै योजना सम्पन्न गर्ने, जनगुनासो सुन्ने र उत्तरदायी शासन स्थापित गर्ने महत्वपूर्ण पाठ बन्नुपर्छ।

# सत्ताको नयाँ अभ्यास कि विकृत राजनीतिको पुनरावृत्ति ?



सम्झना वाग्ले भट्टराई

**कथा प्रशङ्ग**

गाउँमा एक दुष्ट मानिस थिए। बाटोमा बसेर गाउँलेसँग ज्यादै नमिठो बोल्थे, अभद्र व्यवहार गर्थे। उनको दुर्वचनले अधिकांश गाउँले दिक्क थिए। कोही मानिस उनको नजिक पर्न चाहन्नथे। जीवनभर अरुलाई नमिठो बोलेर गाउँ टोलमा बद्नाम ती व्यक्ति समयक्रममा वृद्ध हुँदै गए। मृत्यु शय्यामा पुग्नै लाग्दा उनलाई आफ्नै विगतसँग पछुतो लाग्न थाल्यो। तब उनले छोराहरूलाई बोलाएर भने– हेर, गाउँमा म ज्यादै बद्नाम छु। अब तिमीहरूले जे गरेर हुन्छ, जसरी हुन्छ, गाउँलेहरूले मलाई राम्रो मान्छे भनुन्, तिमीहरूले त्यस्तो काम गर्नु। केही समयपछि ती व्यक्तिको मृत्यु भयो।

मृत्यु शय्यामा रहेका बाबुको चाहना पूरा गर्नु छोराहरूले कर्तव्य ठाने। अब के गर्ने त ? त्यसपछि छोराहरूको दैनिकी फेरियो। उनीहरू पनि बाबुजस्तै बाटोमा बस्न थाले। बाबुले गाउँले र बटुवासँथ दुर्वाच्य बोल्थे। तर, छोराहरू गाउँले तथा बटुवालाई दुर्वाच्य बोल्नुका साथै लखेट्ने, पिट्ने तथा ढुङ्गाले हान्नेजस्ता क्रियाकलाप गर्न थाले। उनीहरूको दुर्व्यहारले गाउँलेहरू आजित बने र भन्न थाले। यी छोराहरूभन्दा त बरु ती बाबु नै राम्रा मान्छे थिए। यसरी छोराहरूले कुख्यात बाबुलाई पनि गाउँलेहरूले 'राम्रा मान्छे' भन्न बाध्य पारे।

**निकट विगत**

अतिराजनीतिकरणले देशका हरेक क्षेत्र अस्तव्यस्त थियो। शैक्षिक क्षेत्र, स्वास्थ्य क्षेत्र, उद्योग–व्यवसाय, सार्वजनिक प्रशासन, न्याय प्रशासन, विकास निर्माणजस्ता सबै क्षेत्र अतिराजनीतिको संक्रमणले ग्रस्त थिए। आमजनता आजित थिए, निराश थिए, असन्तुष्टि चरम अवस्थामा थियो, एउटा विष्फोटको सन्निकटता विद्यमान थियो। यसको पूर्वाभास धेरैले गरेका थिए। नेपाली कांग्रेसका नेता तथा तत्कालीन महामन्त्री (वर्तमान सभापति) गगनकुमार थापाले त संसद बैठकमा तथा सार्वजनिक मञ्चहरूमा पनि यसबारे सचेत गराएका नै थिए। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'को पनि त्यस्तै अभिव्यक्ति सार्वजनिक भइरहन्थ्यो। तर, सरकारको नेतृत्वमा रहेकाले त्यसको भेउ नै पाएनन्। परिणाम २३ र २४ भदौमा देखियो। त्यसो त २३ र २४ भदौमा जे भयो त्यसको अग्रभागमा देखिएको तथा पृष्ठभूमिमा भएको के थियो भन्ने विषयमा छुट्टै बहस गर्न सकिएला, तर त्यसपछि के–के भयो त्यो हामीसामु छँदै छ।

चुनावको आसपासमा म आफ्नै काम विशेषले तनहुँ, कास्की, चितवन, नवलपरासी जिल्लाका केही ठाउँहरू पुगेकी थिएँ। मसँग कुरा भएका अधिकांश व्यक्तिहरू परिवर्तनको पक्षमा थिए। यदि 'नयाँ' आए भने विकृत राजनीतिले थिलोथिलो पारेको समाजले केही त्राण पाउने उनीहरूको अपेक्षा थियो। चुनावी नतिजाले पनि आममान्छेको त्यो अभिमतलाई पुष्टि गऱ्यो। कति नयाँ र कतिपय रङ पोतेर नयाँ देखिएकाहरू सत्तामा आए, शासन व्यवस्था हामीसामु छँदै छ ।

गएको जेठ/असार महिनामा म सिन्धुपाल्चोक, बारा, पर्सा, चितवन, तनहुँ, लमजुङलगायतका जिल्लाका केही स्थानहरू पुगेँ। मसँग कुराकानी गरेका अधिकांश व्यक्तिहरूले नयाँ सरकारको कार्यशैलीसँग असन्तुष्ट र मोहभङ्ग भएको बताएका थिए। 'भुङ्ग्रोबाट उछिट्टिएर तावामा' परेको हो कि भन्ने उनीहरूको भनाइ थियो। विकृत अभ्यासको अन्त्य कि इतिहासको पुनरावृत्ति ? नयाँ सरकार बनेको तीन महिना मात्र भएको छ। प्रणालीहरू बिग्रिएर भद्रगोल भएको अवस्थामा 'तीन महिनाकै समयमा सरकारले परिणाम देखिनेगरी कार्य गर्न सकेन' भन्नु न्यायोचित त हुँदैन। तर, नयाँ पार्टी, सरकारका केही निर्णय र गतिविधि हेर्दा प्रश्न गर्ने ठाउँहरू प्रशस्त देखिन्छन्।

गणेश नेपालीले आत्मदाह गरेपछि मिडिया तथा सामाजिक सञ्जालहरू एक किसिमले तरङ्गित भए, जुन स्वाभाविक थियो। मिडियाहरूमा २०७९ सालमा भएको प्रेम आचार्यको आत्मदाहसँग तुलना गरेर विश्लेषणहरू आए। तर, सरकार अनौठोसँग प्रतिक्रियात्मक देखियो। मिडिया हाउसका कार्यालय तथा सडकमा जुन किसिमको सरकार निर्देशित अराजकता देखियो त्यसले सरकारको कार्यशैलीमाथि प्रश्न गर्न आधारहरू दियो। यसै विषयमा संसदमा गृहमन्त्रीको जवाफ गैरजिम्मेवार त थियो नै त्यसमाथि सरकारपक्षका सांसदहरूको प्रतिक्रियाले आशा गरिएका व्यक्तिहरू पनि कसरी विवेक बन्धकी राखेर 'सत्ताको दास' बन्दा रहेछन् भन्ने छरपष्ट भयो। यसमा उल्लेख गरिएका ती 'आशालाग्दा व्यक्ति'हरूमा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) का केही सांसदहरू जो उदण्डताको सीमाभन्दा पर गएर हरेक विषयमा छुद्रता र अंहकार प्रदर्शन गर्छन्, उनीहरूबारे होइन भनी स्वःघोषणा गरेकी छु।

आर्थिक रूपले विपन्न तथा सामाजिक रूपमा सबैभन्दा तल्लो तहमा पारिएका व्यक्ति तथा परिवारलाई सरकारको आवश्यकता सबैभन्दा बढी हुन्छ। तर, सुकुम्बासी व्यवस्थापनको नाममा सरकारले जे गऱ्यो तथा गरिरहेको छ, त्यसले समाजको पिँधमा रहेका जनताको सरकारप्रतिको अविश्वास बढाउन थालेको देखिन्छ। सुकुम्बासी व्यवस्थापनको नाममा भएका गतिविधिमा उनीहरूले रास्वपाका सभापतिले चुनावी सभाहरूमा गरेका वाचाहरू अवश्य सम्झे होलान्। जब नयाँ सरकार र सरकार निर्माताहरूको अनुहार पुराना सत्ताधारीसँग झण्डै मिलेको र अझै उदण्ड देखियो तब 'नयाँ'का चुनावी सम्बोधनहरू पनि 'फगत वाचा मात्र रहेछन्' भन्ने महसुस भयो होला। त्यति मात्र होइन, जब सुकुम्बासी व्यवस्थापनमा सरकारको असंवेदनशील व्यवहार देखियो तब समाजको पिँधमा रहेका व्यक्ति तथा परिवारले 'सडक व्यापारीलाई लखेटिरहेका क्रुर महानगर प्रहरी र तत्कालीन मेयरको अनुहार' सम्झे होलान्। तब टेक्ने ठाउँ न समाउने हाँगो भएका कमजोर धरातलमा उभिएका ती जनताको विश्वास 'नयाँ'सँग पनि टुट्न थाल्यो।

**शंकासहित आशा राख्नेहरूका दृष्टिमा**

अभूतपूर्ण ध्वंस र रक्तपातपूर्ण अन्योलतापछि भएको परिवर्तनपश्चात् आममान्छेका आशा पहिलेका नराम्राहरूको पुनरावृत्ति नहोस् भन्ने थियो। तर, संकेतहरू स्पष्ट देखिएका छैनन्। खै कस्तो बाध्यताले हो, अध्यादेशहरू पटक–पटक जारी हुँदै छन्। महत्त्वपूर्ण पदहरूमा भएका नियुक्तिहरूमा न मापदण्ड बनाइए न प्रक्रिया पारदर्शी। नियुक्ति दिनेलाई मात्र 'योग्य' लागेर त हुँदैन नि, विधि र प्रक्रिया परदर्शी भए पो स्वीकार्यता फराकिलो हुन्छ। अधिकांश नियुक्तिमा व्यक्ति त फेरिए तर प्रवृत्ति त फेरिएन। हाम्रो अपेक्षा त यस्ता नियुक्तिहरूमा विधि प्रणाली स्थापित होस् भन्ने थियो जुन भएको देखिँदैन। त्यस्तै, नेपालको शासकीय क्षेत्रको एक महत्त्वपूर्ण उपलब्धि सार्वजनिक क्षेत्रको समावेशी चरित्र हो।

सार्वजनिक क्षेत्रमा लैङ्गिक तथा विभिन्न जातजाति तथा क्षेत्रको प्रतिनिधित्वले सार्वजनिक क्षेत्रको कलेवर मात्र सुन्दर बनाएको छैन, कार्य सम्पादनमा पनि निख्खरता बढाउँदै लगेको छ। तर, वर्तमान सरकारबाट भएका नियुक्तिहरूमा समावेशीताको मर्मलाई पूरै बेवास्ता गरिएको छ। उदाहरणका लागि केहीअघि मात्र सरकारले विभिन्न आठ विश्वविद्यालयमामा उपकुलपति नियुक्त गरेको छ, जसमा एक जना पनि महिला छैनन्। त्यस्तै, सांसदहरूलाई स्वकीय सचिव राख्ने व्यवस्थाको निर्णयलाई पनि आममान्छेले वर्तमान सरकारको बोली र व्यवहारबीचको फरकको रूपमा बुझेका छन्।

**बाटो अल्मलिएको बजेट**

बजेट सरकारी आयव्ययको प्राविधिक विषय मात्र होइन, यो त व्यक्ति, परिवार तथा समाजले सरकार चियाउने आँखीझ्याल पनि हो। बजेटले सरकारको सोच, प्राथमिकता, नीति र नागरिकप्रतिको उत्तरदायित्वलाई पनि प्रतिबिम्बित गर्छ। विद्वान् अर्थमन्त्रीले भने जस्तै के बजेट अर्थतन्त्रको स्वरूप फर्ने र उत्पादनमुखी अर्थतन्त्रको लागि पत्यारिलो नीतिगत उपकरण बन्ने किसिमले आएको छ त ?

छैन, केही उदाहरण हरौँ। बजेटमा उत्पादन क्षेत्रको उत्पादकत्व बढाउनको लागि राज्यको ढुकुटीबाट कति स्रोत विनियोजन भएको छ ? कुल जनसंख्याको २० प्रतिशतभन्दा बढी रहेका गरिबीको रेखामुनि रहेका जनतालक्षित के कस्ता कार्यक्रम आएका छन् ? न्यूनतम दुई करोड रुपैयाँसम्म कृषि तथा पशुजन्य उत्पादनका लागि प्रारम्भिक पुँजी लगानी गर्ने किसानलाई ४० प्रतिशत प्रोत्साहन अनुदान घोषणा गरेको बजेटले कृषिकर्ममा संलग्न ४१ लाख ३४ हजार कृषक घरपरिवारलक्षित कस्ता कार्यक्रम ल्याएको छ ? वर्षौंदेखि कृषि कर्ममा रहेका यी किसान परिवारले के दुई करोड रुपैयाँ लगानी गर्न सक्छन् ? नेपालको कुल घरधुरीको ६२ प्रतिशत परिवारलाई प्रोत्साहनभन्दा बाहिर राखेर ल्याएको बजेटले कस्तो उत्पादकत्व बढाउला ? म केही उदाहरण दिन सक्छु, अन्य पेसा व्यवसायमा जमेका केही जो यसै वर्ष हतारहतार कृषि क्षेत्रमा दुई करोडभन्दा बढी लगानी गर्न उत्साहित छन्। के उनीहरूको कृषि कर्म दिगो होला ? मलाई त शंकै लाग्छ।

त्यस्तै, तर्क अनेक होलान्, तर नेपालजस्तो अर्थ सामाजिक अवस्था रहेको देशमा शिक्षा, स्वास्थ्य आदिमा कर लगाउने विषय कुनै पनि दृष्टिमा जनपक्षीय होइन। चालु आर्थिक वर्षको बजेटमा नेपालको धरातलीय यथार्थलाई बुझ्न नसकेका यस्ता अनेक विषय छन्।

**कर्मचारी व्यवस्थापन**

नयाँ सरकार बनेपछि कर्मचारी संयन्त्र ज्यादै त्रसित छ। पासपोर्ट छपाइ प्रकरणमा जे भयो त्यसले 'नियत'माथि शंका गर्न सकिने आधार दिएको छ। कर्मचारी कटौतीसँग जोडिएका जे–जस्ता 'मिडिया ट्रायल' भएका छन्, त्यसले खर्च कटौतीको नाममा प्रभावकारी सेवा प्रवाहको सरकारी दायित्वलाई अवमुल्यन गरेझैँ भान हुन्छ। नेपालको कर्मचारीतन्त्रमा प्रशस्त कमजोरीहरू नभएका होइनन्, तर नेपालको प्रशासनिक इतिहासलाई विश्लेषण गर्ने हो भने परिवर्तनपछिका नयाँ सरकारले कर्मचारीलाई कामयावी नाउने होइन कि त्रासको वातावरण बनाएर आफ्नो तत्कालीन स्वार्थ अनुरूप मात्र प्रयोग गर्न खोजेको देखिन्छ। यसको उत्कर्षमा अहिलेको सरकार छ। उड्रू विल्सन (सन् १८८७) लेख्छन्– राजनीतिक नेतृत्वले काम के गर्ने भन्ने निर्णय गर्छ, प्रशासनले त्यो काम कसरी गर्ने भन्ने निर्धारण गर्छ। खासमा राजनीतिक नेतृत्वको काम नीति निर्माण गर्नु हो भने प्रशासनको मुख्य काम दक्ष, निष्पक्ष र प्रभावकारी रूपमा सरकारी काम सञ्चालन गर्नु हो। तर, यहाँ राजनीतिक नेतृत्व के गर्ने होइन

–बाँकी तीन पेजमा

*सत्ताको नयाँ ...*

कसरी गर्ने भन्नेमा निर्देशन दिँदै हिँड्छ। शपथ खाएलगत्तै प्रधानमन्त्रीले 'मन्त्रीहरूलाई पढाउने काम पनि नगर्नू' भनेर सचिवहरूलाई निर्देशन दिनुभयो। यस निर्देशनको निहितार्थ परिणाममुखी कार्य गर्नु भन्ने थियो होला तर परिणाम 'त्यसैत भकुण्डो, अझ त्यसमाथि खुट्टा लागेको' भनेझैँ भयो। नयाँ 'सर्वज्ञानी राजनीतिक नेतृत्व' अनुभवजन्य सिकाइमा होइन, 'एआई टुल्स'मा निर्भर रहन निर्देशन दिन थाल्यो।

सुशासन, अहिलेको सरकारको प्राथमिकतामा रहेको बताइएको छ, र भ्रष्टाचार नियन्त्रणको लागि कठोर बनेको पनि देखिन्छ। यसका लागि गरेका केही सुरुवात प्रशंसनीय छन्। तर, भ्रष्टाचार नियन्त्रणले मात्र सुशासन कायम हुँदैन। सुशासनका लागि जवाफदेहिता, पारदर्शिता, समावेशिता, कानुनको शासनजस्ता पक्षहरू पनि महत्त्वपूर्ण हुने गर्छन्। के यी पक्षहरूलाई सरकारले प्राथमिकतामा राखेको छ ? त्यस्तो देखिँदैन, यसले लोकतन्त्रलाई कमजोर बनाउँछ। त्यस्तै, संवैधानिक आयोगहरूमा सरकारी चलखेलले वर्तमान सरकारको तुष्टि त पूरा होला, तर यसले खराब नजीर स्थापना नगर्ला भन्न सकिन्न।

**र अन्त्यमा,**

सरकारको सफलता वा असफलता त्यस देशका सबैभन्दा तल्लो तहमा रहेका जनताको जीवनमा आउने परिवर्तन र उनीहरूको सरकारसँगको भरोसाको तहबाट मापन हुनुपर्छ। मापन गर्न सकिने गरी जीवनमा देखिने परिवर्तनको लागि त समय लाग्ला, तर सरकारका सुरुवाती कदमले उनीहरूको भरोसा भने भत्केको देखिन्छ। त्यस्तै, सरकारले सार्वजनिक संवादमा देखाएको अनिच्छाले लोकतन्त्रको भविष्य खतरामा देखिएको आभास हुन्छ। 'डिपार्चरसँग नतर्सेका बौद्धिक वृत्त'को मूल्यांकन भने अवश्य फरक होला।

इतिहासबाट होस् वा अन्यत्रबाट सिकाइ महत्त्वपूर्ण कुरा हो। चुनावी समयमा जनतासँग गरेका वाचाहरू शक्तिमा पुगेपछि भुल्दै जानु र जनतासँग टाढिनु विगतका शासकहरूको समस्या थियो। यो सरकार अपवाद बनोस् भन्ने आमजनताको चाहना हो। नेतृत्व साँघुरो घेरामा सीमित रहेर 'गणेश प्रवृत्ति'सँग सचेत रहोस्, देशलाई माया गर्नेहरूको यो अपेक्षा हो। सोसल मिडियामार्फत होस् वा वरिपरी झुम्मिएर जे मा पनि जयजयकार गर्नेहरूले कतिखेर नेतृत्वलाई 'दि एम्परेर्स न्यू क्लथ्स'को प्रमुख पात्र बनाइदिन्छन् थाहै हुँदैन। र, अन्त्यमा, यस लेखको सुरुवातमा उल्लेख गरिएको कथामा जस्तै 'पहिलेका शासक बरु राम्रै थिए' भन्ने दुर्दिन नआओस्, आशा गरौँ। शिलापत्रबाट

# बारा–पर्सा करिडोरमा तीन ठुला उद्योगलाई १० लाख जरिवाना




बारा, ३ साउन। जीतपुरसिमरा उपमहानगरपालिकाले पथलैया–वीरगञ्ज औद्योगिक करिडोरका ३ ठुला उद्योगलाई १० लाख रुपैयाँ जरिवाना गरेको छ। उपमहानगरले हुलास स्टिल इन्डस्ट्रिज लिमिटेडलाई ५ लाख, गणपति तेल उद्योगलाई २ लाख ५० हजार र नन्दन घ्यू तथा आयल इन्डस्ट्रिज प्रालिलाई २ लाख ५० हजार रुपैयाँका दरले जरिवाना गरेको हो। स्थानीयहरूको गुनासोपछि पालिकाले पहिलो पटक यी उद्योगहरूलाई जरिवाना गरेको हो। जीतपुरसिमरा वडा नं १ र ३ मा रहेका यी उद्योगहरूबाट निस्किएको औद्योगिक फोहोर, तेलजन्य पदार्थ तथा लेदो सार्वजनिक सडक र आसपासका क्षेत्रमा फैलिएको, फोहोर पानीको उचित व्यवस्थापन नगरिएको, कार्यस्थलमा सुरक्षा मापदण्ड पालना नभएको र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार काम नगरेको पाइएपछि जरिवाना गर्ने निर्णय गरिएको हो।

औद्योगिक प्रदूषण व्यवस्थापनका लागि पालिकाले यसअघि पनि पटक पटक उद्योगहरूलाई पत्राचार गर्दै स्पष्टीकरण सोधेको थियो। तर, चित्तबुझ्दो जवाफ नआएपछि जरिवाना तिराउनुपरेको वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख इन्जिनियर पुष्पा सिंहले जानकारी दिइन्। उनका अनुसार उपप्रमुखको संयोजकत्वमा गठित अनुगमन समितिले बुझाएको प्रतिवेदन कार्यान्वयनका लागि नगरप्रमुख राजन पौडेलबाट निर्णय भएसँगै कारबाही प्रक्रिया अगाडि बढेको हो।

उपमहानगरले ७ दिनको समयसीमा तोकेर असार २९ गते ती उद्योगहरूलाई पत्राचार गरेको छ। जरिवानासँगै पालिकाले आगामी दिनमा उद्योगबाट निस्किने फोहोर पानी, तेलजन्य पदार्थ, धुलो, ध्वनि र अन्य प्रदूषण नियन्त्रण गर्न निर्देशन दिएको छ। साथै, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न, औद्योगिक फोहोर तथा लेदो पानीको वैज्ञानिक व्यवस्थापन गर्न र सुधार गरिएका कार्यको प्रमाणसहित प्रतिवेदन पेस गर्न पत्रमा उल्लेख गरिएको छ।पालिकाले तोकिएको जरिवाना दाखिला नगरेमा वा आवश्यक सुधारात्मक कार्यहरू कार्यान्वयन नगरेमा वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य प्रचलित कानुनबमोजिम थप कारबाही अगाडि बढाउने चेतावनी दिएको छ।

'वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ को उल्लंघन भएको देखिएकाले तपाईंलाई ५ लाख रुपैयाँ जरिवाना गर्ने यस कार्यालयबाट निर्णय भएको छ,' हुलास स्टिललाई पठाएको पत्रमा भनिएको छ, 'उक्त जरिवानाबापतको रकम पत्र प्राप्त भएको मितिले ७ दिनभित्र राजस्व खातामा दाखिला गरी सक्कल भौचर यस कार्यालयमा पेस गर्नुहुन अनुरोध छ।' पछिल्लो समय वर्षासँगै हुलास स्टिल उद्योगले फ्याँकेको रसायनयुक्त लेदो पानी ६ लेन सडकको नालामा मिसाउँदा आवतजावतमा समेत समस्या देखिएको छ। यता गणपति र नन्दन तेल उद्योगले भने तेलजन्य लेदो र फोहोर पानी सिधै खोलामा मिसाउँदा कृषि सिँचाइमा समस्या भएको स्थानीयको गुनासो छ।

जीतपुरसिमरा उपमहानगरपालिका वडा नं ५ का स्थानीय बासिन्दा रामकृति सहनीले उद्योगको लेदो पानी सिधै खोलामा मिसाउँदा खेती गर्न समस्या भएको बताए। 'एकदमै दुर्गन्धित पानी आउँछ, रोपाइँ गर्न मिल्दैन। बीउ काढ्न खेतमा पस्दा जीउ चिलाएर खटिरा आउँछ,' सहनीले भने, 'वस्तुभाउले खोलाको पानी खाए भने मर्छन्।' सोही वडाका अर्का स्थानीय सुरेश पासवानले उद्योगको फोहोर देखाएर धेरै नेताहरूले २० औँ वर्षदेखि झूटको राजनीति गर्दै आए पनि हालसम्म समस्या समाधान नभएको गुनासो गरे। 'सांसद, मेयर, वडाध्यक्ष उद्योगभित्र गएर के कस्तो समझदारी गर्छन्, हामी देख्दैनौँ। बाहिर कारबाही गर्छु भन्छन् तर गर्दैनन्,' पासवानले भने, 'पानी धेरै गन्हाएर गाउँमा बस्नै अप्ठ्यारो भइरहेको छ।'

पालिकाले ३ उद्योगलाई जरिवाना गर्ने निर्णय गरेपछि ती उद्योगका प्रतिनिधिहरूले भने जरिवाना रकम बुझाउने वा कानुनी उपचारमा जाने भन्ने विषयमा निर्णय भइनसकेको बताएका छन्। हुलास स्टिलका प्रशासकीय अधिकृत रबिन बरालले पालिकाले कुन आधारमा जरिवाना तोकेको हो भन्ने विषयमा चित्तबुझ्दो जवाफ नआएसम्म रकम नबुझाउने बताए। 'चित्त नबुझेर हामीले पनि केही प्रश्न राखेका छौँ। चित्तबुझ्दो जवाफ आएपछि मात्रै निर्णय गर्छौँ,' बरालले भने, 'उहाँहरूले कस्तो जवाफ दिनुहुन्छ, त्यही आधारमा कानुनी लडाइँ लड्ने वा व्यावहारिक रूपमा समाधान खोज्ने निर्णय गर्छौँ।'

यता गणपति वनस्पति उद्योगका प्रशासकीय अधिकृत दिनेशचन्द्र गिरीले प्रदूषित पानी प्रशोधनका लागि मेसिन सञ्चालनमा आइसकेको अवस्थामा सामाजिक सञ्जालमा देखिएका तस्बिरका भरमा उपमहानगरले कारबाहीको निर्णय गरेको टिप्पणी गरे। 'अरू उद्योगहरूले फैलाएको प्रदूषणलाई देखाएर सोलोडोलो रूपमा हामीलाई पनि कारबाही गरियो,' गिरीले भने, 'हामीले दूषित पानी प्रशोधन गर्न उपकरण जडान गरिसकेका छौँ। त्यो पानी कृषि कार्यमा प्रयोग गर्न सकिन्छ।'

उद्योगहरूले निष्कासन गरेको रसायनयुक्त पानी सिधै बस्ती र खोलामा छोडेको भन्दै स्थानीय युवाहरूले गुनासो गरेपछि गत साता सिमरा आएका गृहमन्त्री सुदन गुरुङले पनि सो क्षेत्रको स्थलगत अनुगमन गरेका थिए।

# सप्तरी कारागारमा चौकीदारमाथि कुटपिटः छानबिन समिति गठन

**धीरेन्द्रप्रसाद साह**

राजविराज, ३ साउन। कारागार कार्यालय सप्तरीमा चौकीदारमाथि भएको कुटपिट घटनाको सत्यतथ्य छानबिन गर्न जिल्ला प्रशासन कार्यालय सप्तरीले पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ। घटनामा संलग्न कैदीबन्दीलाई कारबाही गरी अन्यत्र सरुवा गर्नुपर्ने माग राख्दै ए–ब्लकका २०१ जना कैदीबन्दी दुई दिनदेखि आमरण अनशनमा बसेका छन्।

घटनाको सत्यतथ्य छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो। समितिमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग कार्यालय सप्तरीका अधिकृतस्तरका प्रतिनिधि सदस्य रहेका छन् भने जिल्ला प्रशासन कार्यालय सप्तरीका अधिकृत सदस्य–सचिव हुनुहुन्छ। कारागार प्रमुख रूपक मण्डलका अनुसार समितिलाई घटनाको वास्तविक अवस्था अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ।

**चौकीदार यादवमाथि सामूहिक कुटपिटको आरोप**

कारागार प्रमुख मण्डलका अनुसार गत असार ३२ गते बी–ब्लकका ३८ वर्षीय चौकीदार रामरिझन यादवमाथि केही कैदीबन्दीले कुटपिट गरेका थिए। कुटपिटबाट यादवको आँखामाथिको भागमा गहिरो चोट लागेको र चार वटा टाँका लगाउनुपरेको छ। उहाँको टाउको तथा शरीरका अन्य भागमा समेत चोट लागेको बताइएको छ। घाइते यादवलाई तत्काल राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार गराई कारागार ल्याइएको थियो। आइतबार बिहान स्वास्थ्यमा पुनः समस्या देखिएपछि अस्पतालमा परीक्षण गराइएको र चिकित्सकले आराम गर्न सुझाव दिएको कारागार प्रशासनले जनाएको छ। उपचारका क्रममा यादवले लागूऔषध मुद्दाका केही कैदीबन्दीले आफूलाई सामूहिक रूपमा कुटपिट गरेको आरोप लगाउनुभएको छ। उहाँका अनुसार जाहुर नट मियाँ (मजलुम), अनिशकुमार मण्डल, सुन्दर मुखिया, बुधन भन्ने जोगानन्द मण्डल, मिथिलेशकुमार यादव, कैलास विश्वास र अमरनाथ विश्वासलगायतले कुटपिट गरेका हुन्।

**सुरक्षा अपरेसन रोक्न आक्रमण भएको दाबी**

कारागार प्रमुख मण्डलले कारागारभित्र विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने तयारी भइरहेका बेला उक्त कार्य रोक्ने उद्देश्यले चौकीदारमाथि आक्रमण भएको दाबी गर्नुभयो। उहाँले चौकीदारको नियुक्ति, आर्थिक लेनदेन वा व्यक्तिगत विवादसँग घटनाको सम्बन्ध नरहेको बताउनुभयो। अहिले कारागारको सुरक्षा अवस्था सामान्य र शान्तिपूर्ण रहेको उहाँको भनाइ छ। यही साउन १ गते यादव चौकीदारमा नियुक्त हुनुभएको थियो।

**कारबाही नभएसम्म अनशन जारी राख्ने चेतावनी**

ए–ब्लकका चौकीदार कामेश्वर यादवले घटनामा संलग्न कैदीबन्दीमाथि कारबाही गरी अन्यत्र सरुवा नगरेसम्म तथा आफूहरूविरुद्ध प्रकाशित र प्रसारित भ्रामक समाचार नसच्याएसम्म आमरण अनशन जारी रहने बताउनुभयो। उहाँका अनुसार ए–ब्लकका २०१ जना कैदीबन्दी शनिबारदेखि अनशनमा बसेका छन्। यसअघि शनिबार नै २३० जना कैदीबन्दीको संयुक्त हस्ताक्षरसहित जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत गृह मन्त्रालयमा ज्ञापनपत्र बुझाइएको थियो। ज्ञापनपत्रमा घटनाको सत्यतथ्य समाचार सम्प्रेषण गर्न, भ्रामक समाचार रोक्न तथा आपराधिक गतिविधिमा संलग्न कैदीबन्दीलाई अन्यत्र सरुवा गर्न माग गरिएको छ।

**दुवै पक्षबाट आरोप–प्रत्यारोप**

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले कारागारभित्र ए–ब्लक र बी–ब्लकका कैदीबन्दीबिच विवाद देखिएको बताउनुभयो। उहाँका अनुसार दुवै पक्षले एकअर्कामाथि आरोप–प्रत्यारोप गर्दै आएका छन्। घटनाको सत्यतथ्य छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको उहाँले जानकारी दिनुभयो।

"समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिएका छौँ," प्रमुख जिल्ला अधिकारी थापाले भन्नुभयो, "प्रतिवेदनमा औँल्याइएका तथ्यका आधारमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइनेछ।" उहाँले कारागारको अवस्था सामान्य रहेको भए पनि केही कैदीबन्दीले रिले अनशनजस्तो कार्यक्रम गरिरहेको जानकारी दिनुभयो।

**क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी**

१ सय २५ जनाको क्षमता रहेको कारागार कार्यालय सप्तरीमा हाल ३ सय ९८ जना कैदीबन्दी रहेका छन्। कारागार प्रशासनका अनुसार ए–ब्लकमा २०१, बी–ब्लकमा १६६ तथा सी–ब्लकमा तीन आश्रित बालबालिकासहित ३१ जना महिला कैदीबन्दी रहेका छन्।

**सुरक्षा अपरेसनका क्रममा आत्मदाहको प्रयास**

अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) सप्तरीका अनुसार शनिबार (साउन २ गते) कारागारमा विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने क्रममा पाँच जना कैदीबन्दीले कारागारको मुख्य प्रवेशद्वार तथा आफ्नै शरीरमा मट्टितेल खन्याएर आत्मदाहको प्रयास गरेका थिए। आत्मदाहको प्रयास गर्नेहरूमा बुधन मण्डल, अमरनाथ विश्वास, अनिशकुमार मण्डल, मिथिलेश यादव र सुन्दर मुखिया थिए। मानवीय क्षतिको उच्च जोखिम देखिएपछि सुरक्षा निकायले तत्कालका लागि उक्त अपरेसन स्थगित गरेको थियो।

यसअघि कारागारभित्र बढ्दो असन्तुष्टि, गुटबन्दी तथा शङ्कास्पद वस्तु लुकाइराखिएको हुन सक्ने आशङ्कामा विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने तयारी गरिएको थियो। सोही क्रममा असार ३२ गते लागूऔषध मुद्दाका कैदी बुधन मण्डललाई बी–ब्लकबाट ए–ब्लकमा सार्ने क्रममा बी–ब्लकका केही कैदीबन्दीले चौकीदार रामरिझन यादवमाथि कुटपिट गरेको बुझिएको छ। बी–ब्लकका चौकीदार रामरिझन यादव नियुक्त भएपछि व्यवस्थापन तथा कैदीबन्दीप्रति असमान व्यवहार भएको आरोप लगाउँदै कैदीबन्दीबिच असन्तुष्टि र गुटबन्दी बढ्दै गएका कारण उक्त घटना भएको अनुमान गरिएको छ।

# ऐन बनाएर हरवा चरवा समुदायको समस्या समाधान गर्छौं : मन्त्री पटेल



जनकपुरधाम, ३ साउन। मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलले ऐन बनाएर हरवा चरवा समुदायको समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका छन्। मुक्त हरवा चरवा समुदायका लागि जलवायु न्याय र सामाजिक समावेशीकरण विषयक मधेस प्रदेशस्तरीय दलित अधिकार सम्मेलनको आइतबार महोत्तरीको बर्दिवासमा उद्घाटन गर्दै मन्त्री पटेलले मधेसमा रहेका हरवा चरवाको समस्यालाई गम्भीर रूपमा लिइएको भन्दै र ऐन बनाएर छिट्टै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे।

हरवा चरवा समुदायको वास्तविक तथ्याङ्क सङ्कलन, प्रमाणीकरण गरी जीविकोपार्जनका कार्यक्रमका लागि प्रदेश सरकारले नीति कार्यक्रममा हरवा चरवा समुदायलाई सम्बोधन गरेको उल्लेख गर्दै मन्त्री पटेलले हरवा चरवाको समस्या दिगो रूपमा समाधान गर्न छिट्टै ऐन निर्माण गरिने जनाए। विगतमा प्रदेश सरकारले हरवा चरवाको समस्या समाधान गर्न ऐन निर्माणको प्रक्रिया थालेपनि सरकार परिवर्तनका कारण रोकिएको बताउँदै उनले यथाशीघ्र ऐन बनाएर काम अघि बढाइने जानकारी दिए। हरवा चरवा दलित समुदाय सम्बृद्ध नभएसम्म मुलुक सम्बृद्ध हुन नसक्ने भएकाले दलित समुदायको जीवनस्तर सुधारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उनको भनाइ छ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य गणेश विश्वकर्माले हरवा चरवा मुक्त घोषणा भएको चार वर्ष बितिसक्दा हरवा चरवाको अवस्था र नियति नफेरिएकाले मधेस प्रदेश सरकारले ठोस नीति बनाएर उचित सम्बोधन गर्नुपर्नेमा जोड दिए। मधेस प्रदेशमा ठुलो समस्याका रूपमा देखिएको हरवा चरवाको समस्यालाई प्रदेश सरकारले गम्भीरता पूर्वक लिएर वास्तविक तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र तथा जीविकोपनर्जनका कार्यक्रम अघि बढाउनुपर्नेमा जोड दिँदै उहाँले यस समुदायको समस्या समाधान गर्न प्रदेश सरकारले प्रदेशस्तरीय समिति तत्काल गठन गर्नुपर्ने आवश्यकता औँल्याए।

राष्ट्रिय हरवा चरवा मञ्चका अध्यक्ष दशनलाल मण्डलले कानुनी रूपमा मुक्ति घोषणा भए पनि यो समुदाय अझै पहिचान, भूमिअधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहेको गुनासो गरे। अधिकांश हरवा चरवा अझै भूमिहीन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट वञ्चित रहेको उल्लेख गर्दै उहाँले बसोबासको प्रमाण नहुँदा शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र सरकारी सेवामा समान पहुँचसमेत प्राप्त गर्न नसकेको बताए।

राष्ट्रिय दलित नेटवर्क नेपाल, सामुदायिक सुधार केन्द्र धनुषा, दलित जनकल्याण युवा क्लब सिराहा, जनचेतना दलित संगम सप्तरी, श्रीपुर्राज सामुदायिक विकास केन्द्रलगायत संस्थाको संयुक्त आयोजनामा सुरु भएको कार्यक्रममा मधेस प्रदेशका आठ वटा जिल्लाका दलित हरवा चरवा समुदायका अगुवाहरुको सहभागिता रहेको द फ्रिडम फण्डका कानुन सल्लाहकार बलराम भट्टराईले जानकारी दिए।

# गोली र लागुऔषध सहित एक जना पक्राउ

जनकपुरधाम, ३ साउन। धनुषा प्रहरीले सर्टगनमा प्रयोग हुने तीन राउन्ड गोली र लागुऔषधजस्तो देखिने पदार्थसहित आज एक जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार इलाका प्रहरी कार्यालय भरतपुर धनुषाबाट खटिएको प्रहरी टोलीले लुकाइछिपाइ राखिएको अवस्थामा ०.०१० ग्राम खैरो हिरोइनजस्तो देखिने पदार्थ तथा सर्टगनमा प्रयोग हुने तीन राउन्ड गोलीसहित धनुषाको गणेमान चारनाथ नगरपालिका–३ विश्रामपुरका २० वर्षीय मुकेश दासलाई पक्राउ गरेको हो।

दासले घरको छानोमा कोरा बालोमा कालो प्लास्टिकमा लुकाइछिपाइ राखेको अवस्थामा सर्टगनको तीन थान गोली र निजले लगाएको ट्याकसुटको खल्तीबाट लागुऔषधजस्तो देखिने पदार्थ बरामद भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार बरामद गरिएको पदार्थ लागुऔषध हो वा होइन भन्ने विषयमा थप परीक्षण भइरहेको छ। पक्राउ परेका माथि लागुऔषध तथा हतियारसम्बन्धी कसुरअन्तर्गत आवश्यक अनुसन्धान अघि बढाइएको उहाँले बताउनुभयो।

# टेलिकमको टावरमा चढेका युवकको चार घण्टापछि उद्धार



**जनार्जन खत्री**

सर्लाही, ३ साउन। सर्लाही सदरमुकाम मलंगवामा आइतबार ८० मिटर अग्लो नेपाल टेलिकमको टावरमा चढेका युवकको सकुशल उद्धार गरिएको छ। मलङ्गवा नगरपालिका–९, स्थित टेलिकमको टावरमा चढेका गोडैता नगरपालिका–९, बकैनियाका २४ वर्षीय अफसर आलम हुसैनलाई परिवारका सदस्य र प्रहरीले सम्झाइबुझाइ गरी तल ओराल्न सफल भएका हुन्। युवकलाई प्रादेशिक अस्पताल मलंगवामा सामान्य स्वास्थ्य परीक्षणपछि परिवारले बुझेर लगेका जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रवक्ता एवं प्रहरी निरीक्षक गणेश पाण्डेले जानकारी दिनुभयो।

आइतबार बिहान ५ बजेतिर दुई युवक आएर आफूहरुको साथी टावरमाथि चढेको छ भन्ने सूचना दिएपछि मात्र घटनाबारे जानकारी भएको नेपाल टेलिकम कार्यालय मलंगवाका प्रमुख सधुघनकुमार यादवले बताउनुभयो। प्रहरीले प्रारम्भिक अनुसन्धान गर्दा सर्लाही क्याम्पस मलंगवामा स्नातक तहमा अध्ययनरत अफसर गाउँकै एक युवतीसँग विवाह गर्न पाऊँ भन्दै टावरमा चढेका हुन्।

उहाँलाई आइतबार बिहानैदेखि टेलिकमका कर्मचारी र प्रहरीले सम्झाइबुझाइ गरी तल ओराल्न खोजे पनि आफूले विवाह गर्न इच्छाएको युवतीलाई बोलाइदिन माग गर्नुभएको थियो। टेलिकमका कर्मचारी र प्रहरीले बारम्बार आग्रह गर्दा पनि युवक टावरबाट तल झर्न नमानेपछि अन्तिममा बुवा, आमालाई बोलाइएको थियो। बुवा, आमा आएपछि भने युवक बिहान ९ बजेतिर आफैं टावरबाट तल झरेका प्रहरीले जनाएको छ। युवक आइतबार बिहान उज्यालो नहुँदै टावरमाथि चढेको हुन सक्ने आशङ्का छ। युवक अर्ध्यौरोमै पर्खाल तर्फबाट आएर टावरमा चढेकाले थाहा नभएको टेलिकमका सुरक्षा गार्डले बताएका छन्। मलंगवामा अनौठो घटना भएको भन्दै नेपाल टेलिकम मलंगवा कार्यालय परिसरमा आइतबार बिहान करिव तीन घण्टा स्थानीयको ठुलो भिड लागेको थियो।

# सार्वजनिक बाटोमा पर्खाल लगाएपछि ५० घरपरिवारलाई आवतजावतमा समस्या

**विजयकुमार साह**





धनुषा, ३ साउन। धनुषाको कमला नगरपालिका–४ स्थित बरेबा गाउँमा पाँच दशकभन्दा बढी समयदेखि स्थानीय बासिन्दाले प्रयोग गर्दै आएको सार्वजनिक बाटोमा पक्की पर्खाल निर्माण गरिएपछि ५० भन्दा बढी घरपरिवारलाई आवतजावतमा कठिनाइ भएको छ। स्थानीयका अनुसार पूर्वप्रधानपञ्च रामउद्गार यादवले बाटो बन्द हुने गरी पर्खाल निर्माण गर्नुभएको हो।

स्थानीय सितेश यादवले बरेबा गाउँ प्रवेश गर्ने मुख्य बाटोमै पर्खाल निर्माण गरिएकाले पर्खालभन्दा उत्तरतर्फका बासिन्दालाई घरसम्म पुग्न समस्या भइरहेको बताउनुभयो। उहाँले सो बाटो औपचारिक रूपमा नक्सामा कायम नभए पनि वर्षौंदेखि करिब नौ फिट चौडाइको सार्वजनिक बाटोका रूपमा स्थानीयले प्रयोग गर्दै आइरहेको जानकारी दिनुभयो।

अर्का स्थानीय जोगिन्द्र यादवले करिब पाँच दशकदेखि प्रयोग हुँदै आएको सार्वजनिक बाटो मिचेर घर निर्माणका लागि पर्खाल लगाएपछि स्थानीयलाई आवतजावत गर्न समस्या भएको बताउनुभयो। उहाँले चार दिनअघि पर्खाल निर्माण गरिएको बताउँदै पर्खालभन्दा उत्तरतर्फका बासिन्दालाई दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न, बालबालिकालाई विद्यालय पठाउन र बिरामीलाई अस्पताल लैजानसमेत कठिनाइ भइरहेको जानकारी दिनुभयो। उहाँले वर्षौंदेखि प्रयोग हुँदै आएको सार्वजनिक बाटो बन्द हुँदा दैनिक जनजीवन प्रभावित भएको भन्दै तत्काल बाटो खुलाउने व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गर्नुभयो।

यता रामउद्गार यादवले भने अहिले बाटोमा देखिएको जग्गा आफ्नो स्वामित्वमा रहेकाले घर निर्माणका लागि पर्खाल लगाएको दाबी गर्नुभयो। उहाँले दुई वर्षअघि पनि पर्खाल निर्माणका क्रममा विवाद उत्पन्न भएपछि अदालतमा मुद्दा परेको र अदालतको फैसलाअनुसार जग्गा उपयोग गर्न सकिने निर्णय भएकाले सोही आधारमा निर्माण कार्य अघि बढाइएको बताउनुभयो।

कमला नगरपालिका–४ का वडाध्यक्ष दीपक गोहिबारले यस विवादबारे आफूलाई जानकारी रहेको बताउँदै सबै पक्षसँग छलफल गरेर समाधान खोज्न पहल थालिएको बताउनुभयो। उहाँले सोमबार दुवै पक्षलाई वडा कार्यालयमा बोलाएर छलफल गरिने जानकारी दिनुभयो। वडाध्यक्ष गोहिबारले आवश्यक कागजात अध्ययन गरी स्थानीय बासिन्दाको आवतजावत सहज हुने गरी विवाद समाधानका लागि पहल गरिने बताउनुभयो।

## *आर्थिक गतिविधि...*

अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ। दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ। यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ।

नेपाल राष्ट्र बैङ्कले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्याङ्कका आधारमा उक्त प्रतिवेदन तयार गरेको हो। प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ। सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग–प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि प्रकाशक : राम बाबु यादव, सम्पादक : कमलेश कुमार यादव, सह-सम्पादक : सत्य नारायण चौधरी, कानुनी सल्लाहकार: कृष्ण प्रसाद दंगाल कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)